# तिहारसँगै पोखरामा पुष्प मेला गरिने

लेखनाथ, कात्तिक १ (रासस) : व्यावसायिक प्रवर्द्धन तथा तिहार पर्वलाई लक्षित गरी पोखरामा छैटौँ पुष्प मेला सञ्चालनमा ल्याइने भएको छ । यहाँका पुष्प व्यवसायीले यही कात्तिक ४ गतेदेखि ६ गतेसम्म पुष्प मेला सञ्चालन गर्न लागेका हुन् । पोखरा रङ्गशालामा आयोजना गरिने पुष्प मेलामा गोदावरी फूललाई विशेषरूपमा प्रवर्द्धन गरिने गोदावरी प्रदर्शनी तथा पुष्प मेला, २०७९ मूल आयोजक समितिका संयोजक डिलबहादुर गुरूङले जानकारी दिए ।

गोदावरी मेलामा कास्की तथा यस क्षेत्रअन्तर्गत २५ व्यवसायीले आफ्ना नर्सरीमा उत्पादित फूल तथा फूलका बीउको स्टलहरु राख्ने आज आयोजित पत्रकार भेटघाट कार्यक्रममा बताइएको छ । पुष्प मेलामा आठ लाख ५० हजार खर्च लाग्ने अनुमान गरिएको छ ।

मेलामा सरकारी तथा विभिन्न सङ्घ संस्थाको सहयोग रहने जानकारी सो अवसरमा दिइएको थियो । प्रदर्शनीमा गोदावरी फूलका अतिरिक्त अन्य परम्परागत फूल, कटफ्लावर, सुनगाभा, सिजनल फूल, बोन्साई, बिरूवा प्रदर्शनी एवं बिक्री गरिने जानकारी पुष्प व्यवसायी दयाकुमार द्वाले दिए ।

पोखरामा प्रत्येक वर्ष पुष्प प्रदर्शनी गरिँदै आएको भए पनि पछिल्लो दुई वर्ष कोरोनाका कारण मेला सञ्चालनमा आउन सकेको थिएन । कास्कीमा मात्र ५० भन्दा बढी पुष्प व्यवसायी रहेका छन् । फूलमा गण्डकीलाई आत्मनिर्भर बनाउने उद्देश्यले नै फूलको प्रवर्द्धन गरिएको पुष्प व्यवसायी द्वाले बताए । पछिल्लो समय पुष्प खेतीतर्फ कृषक आकर्षित भएको र फूलले मूल्यसमेत पाउने गरेको व्यवसायीहरूले बताएका छन् ।

पोखरामा तिहारको समयमा मात्र दुई करोडभन्दा बढी मूल्यको सयपत्री तथा मखमली फूलका माला तथा फूल बिक्री हुने गरेको जानकारी उक्त अवसरमा दिइएको छ । आयोजकका अनुसार तिहारमा बिक्री हुने ८० प्रतिशत फूल तथा माला कास्की तथा आसपासका जिल्लामा नै उत्पादित हो भने २० प्रतिशत माला तथा फूल भारतबाट आयात हुने गरेको छ ।



**प्यासेनजर बोर्डिङ ब्रिज :**
पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा निर्माण गरिएको 'प्यासेन्जर बोर्डिङ ब्रिज' ।

तस्बिर : रासस

## प्रधानाध्यापकलाई आयोगको स्पष्टीकरण

काठमाडौँ, कात्तिक १ (रासस): आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि जारी आचारसंहिता उलङ्घन गरेको विषयमा निर्वाचन आयोगले पर्वतको बाल प्राथमिक विद्यालयका प्रधानाध्यापक छविलाल तिवारीलाई स्पष्टीकण सोधेको छ ।

निर्वाचन आचारसंहिता विपरीत राजनीतिक दल तथा उम्मेदवारको पक्ष–विपक्षमा प्रचारप्रसार गरेको भन्दै जिल्ला निर्वाचन कार्यालयले २४ घण्टे स्पष्टीकरण मागेको हो ।

## एक सय ६० पदकसहित आर्मीको अग्रता

गण्डकी, कात्तिक १ (रासस) : नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत जारी खेलमा विभागीय टिम नेपाल आर्मी क्लबले एक सय ६० पदकसहित फराकिलो अग्रता बनाएको छ ।

गण्डकी प्रदेशमा जारी खेलमा हालसम्म छ सय १९ पदकको छिनोफानो हुँदा आर्मीले ७४ स्वर्ण, ५१ रजत र ३५ कांस्य पदकसहित कुल एक सय ६० पदक हात पारेको छ । प्रतियोगितामा विभागीय टिम नेपाल पुलिस क्लब ३० स्वर्ण, २४ रजत र ३७ कांस्य पदकसहित ९१ पदक हात पारेको छ ।

त्यस्तै अर्को विभागीय टिम एपीएफले २७ स्वर्ण, ३१ रजत र ४४ कांस्य पदकसहित कूल एक सय दुई पदक हात पारेको छ । प्रतियोगितामा बागमती प्रदेशले १५ स्वर्ण, २३ रजत र २६ कांस्य सहित कुल ६४ पदक जित्दा गण्डकी प्रदेशले १२ स्वर्ण, १२ रजत र २९ कास्य पदकसहित ५३ पदक हात पारेको छ ।

त्यस्तै सुदूरपश्चिम प्रदेशले सात स्वर्ण, तीन रजत र १६ कांस्यसहित २६ पदक, एनआरएनएले छ स्वर्ण, छ रजत र चार कांस्यसहित १६ पदक, मधेस प्रदेशले पाँच स्वर्ण, पाँच रजत र १४ कांस्य पदकसहित २४ पदक तथा प्रदेश १ ले तीन स्वर्ण १४ रजत र ३० कांस्यसहित ४७ पदक जितेका छन् । लुम्बिनी प्रदेशले दुई स्वर्ण, १२ रजत र १७ कांस्यसहित ३१ तथा कर्णाली प्रदेशले एक स्वर्ण, एक रजत र तीन कांस्यपदक सहित पाँच पदक हात पारेको आयोजक राष्ट्रिय खेलकुद परिषद्ले जनाएको छ । प्रतियोगिताअन्तर्गतका खेल जारी छन् ।


## कम्पनी गाभिएको सूचना

प्रस्तुत बिषयमा यस कम्पनी अन्नपूर्ण जुत्ता चप्पल उद्योग प्रा.लि. को मिती २०७९/०५/१६ को विशेष साधारण सभाबाट पारित प्रस्तावले अन्नपूर्ण स्लीपर ईण्डष्ट्रिज प्रा. लि. सोनापुर सुनसरी लाई गाभ्ने निर्णय अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयको मिती २०७९।०६।३१ को च.न. २०४५५ को सहमती पत्र बमोजीम उक्त कम्पनी अन्नपूर्ण स्लिपर इण्डष्ट्रिज प्रा.ली. (पान नं. ३००६९००५९ र कम्पनी दर्ता न.१७४८६) यसै कम्पनीमा गाभीई अन्नपूर्ण जुत्ता चप्पल उद्योग प्रा. लि. सोनापुर, सुनसरी कायम भएको कुरा सम्पूर्ण सरोकारवालाहरू लाई सहर्ष जानकारी गराउदँछौ । साथै मिती २०७९।०७।०१ गते देखी अन्नपूर्ण स्लिपर इण्डष्ट्रिज प्रा.ली को सम्पूर्ण कारोबार हिसाब किताब लेनदेन यसै कम्पनी अन्नपूर्ण जुत्ता चप्पल उद्योग प्रा.लि. (पान ३०००१६१८७) बाट हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**सुर्य प्रकाश पोद्दार** (अध्यक्ष)
**अन्नपूर्ण जुत्ता चप्पल उद्योग प्रा.लि.**
**सोनापुर, सुनसरी**



## कम्पनीको नाम परिवर्तन सम्वन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०७/०२

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंको मिति २०७९/०६/१३ को पत्र संख्या ०७९/०८० च.नं. १८७५१ को पत्र अनुसार **सम्वृद्धि मेडिसिन डिष्ट्रिब्युटर्स प्रा.लि.** (प्रा.लि. द.नं. २३०३८३) को सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु पर्ने कर दायित्व परिवर्तित नामक कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन भई **डेली मेडिसिन डिष्ट्रिब्युटर्स प्रा.लि.** कायम भएको हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## मोटरसाइकल हरायो

मेरो निम्न लिखित व्यहोराको मोटरसाईकल मिति २०७९/०६/२६ गते राती अं. १९:४५ वजे का.जि.का.म.न.पा. १४ कलंकी रिचमण्ड एकेडेमी नजिकबाट हराएको हुँदा फेलापार्नुहुने महानुभावहरूले निम्न ठेगानामा जानकारी गराउन या नजिकको प्रहरीचौकीमा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

**नाम : हुलास फिल्ड सर्भ लि. / सुजन केसी**
**मो.सा.नं. : बाग्मति प्रदेश ०२–०३२ प ५८५१**
**कम्पनी नाम : हुलास अटो**
**इन्जिन नम्वर : DHXCME12001**
**च्यासिस नं.: MD2A13EX9MCE90516**
**मोडल : पल्सर २२० सीसी**
**रंग : Matt, Spalkle, Black**



## राहदानी हरायो

मिति २०७९/०४/१८ गते नयाँबसपार्कदेखि चावहिलसम्म जाँदा मेरो निम्न व्यहोराको राहदानी हराएकोले पाउनुहुने महानुभावहरूले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ ।

**नाम : परविर परियार**
**राहदानी नं. : ०७१६५१५६**
**ठेगाना : नेपालगञ्ज–२०, राम्झा**
**फोन : ९८४७६०२७६४**



**नेपाल सरकार**
**उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय**
**जलश्रोत तथा सिंचाई विभाग**
**नारायणी नदी व्यवस्थापन आयोजना**
**भरतपुर, चितवन**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना !

**(सूचना प्रकाशित मिति : २०७९/०७/०२)**

यस कार्यालयबाट मिति २०७९।०५।२३ गते प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना IFB No. NRMP-NCB-Works-RB-02-079/80 अनुसार निर्धारित अवधि भित्र पेश भएका बोलपत्रहरु मध्ये तपशिलका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०७९।०७।१५ गते बिहान ११:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ङ (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| S.N. | Description of Works | Successful Bidders |
|---|---|---|
| 1 | Narayani River Management Works on Right Bank at Kushumghat to Thumsi Section, Gaindakot Municipality-02, 06 & 09, Nawalparasi (Bardaghat Susta East) District | 1. M/S Kumar Shrestha Nirman Sewa Pvt. Ltd., Kanchanpur |
| | | 2. M/S Kalika Construction Pvt. Ltd., Chitwan |
| | | 3. M/S Raman-Tribeni JV, Kathmandu |

**आयोजना निर्देशक**



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**
**सडक डिभिजन चन्द्रनिगाहपुर**
**रौतहट**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सुचना प्रकाशन मिति : २०७९/०७/०२**

यस डिभिजनको मिति २०७८/०३/१५ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. IFB–10–2078/79 अनुसार E–Bid मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरुमध्ये मिति २०७९/०६/२४ गते खोलिएको आर्थिक प्रस्तावमा तपसिलबमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको बोलापत्रदाताहरुको नाम | कबोल रकम (मू.अ.क. र PS समेत) |
|---|---|---|---|---|
| १ | RDCNP/33701169-078/79-54 | Road Improvement Works on Chhanki Karmaiya Sadak, Sarlahi | राजदेवीभक्त कन्स्ट्रक्सन प्रा.ली., चन्द्रपुर-५, रौतहट | रु.१३६८२२२१८.५७ |
| २ | RDCNP/33701169-078/79-55 | Road Improvement Works on Sisautiya Godaita Jaypur Madhuwangoth Sadak, Sarlahi | राजदेवीभक्त कन्स्ट्रक्सन प्रा.ली., चन्द्रपुर-५, रौतहट | रु.१४६९९८४३५.०९ |

**डिभिजन प्रमुख**


## निजी.....

कार्य अघि बढेको छ । पाँचखाल सेजमा भने वातावरण व्यवस्थापन योजना (ईएनपी)को काम भइरहेको भएको छ । त्यस्तै, पाँचखाल सेजमा भने एक हजार रूख कटान गरिने प्रक्रिया अघि बढाउने क्रममा प्राधिकरण र वन तथा वातावरण मन्त्रालयबीच सम्झौता भएको छ । एकबराबर १० रूख रोप्ने शर्तमा प्राधिकरण मन्त्रालयबीच छलफल अघि बढेको उनले बताए । यसैबीच भएका सेजहरू सञ्चालन हुन नसकेको अवस्थामा नै सरकारले पाँचवटै प्रदेशमा सेज स्थापना गर्ने बताउँदै भने आएको पाइन्छ । चालू आर्थिक वर्षको लागि पाँच लाख सेजको लागि २० करोड रूपैयाँ प्रदान गरिएको छ ।

यस्तै, मुलुकको व्यापारघाटालाई कम गर्न निर्यातलाई बढावा दिन सेज स्थापना भएको हुँदा निर्यातलाई नै वृद्धि गर्ने उद्देश्यले हाल सहजीकरण गरिएको उनले बताए । त्यस्तै, ऐनअनुरूप सेजमा स्थापित उद्योग सञ्चालनमा आएको मितिले एक वर्षभित्र त्यस्तो उद्योगबाट उत्पादन गरेको वस्तु वा सेवा नेपालको आन्तरिक बजारमा बिक्री गर्न सक्नेछ । आफूले उत्पादन गरेको कुनै वस्तु वा सेवा नेपालको आन्तरिक बजारमा बिक्री गर्ने भएमा त्यस्तो वा सेवा बिक्री गर्नुअगाडि तोकिएका कुराहरू खुलाई सोको जानकारी प्राधिकरणलाई दिनुपर्नेछ । नेपालको आन्तरिक बजारमा वस्तु वा सेवाको बिक्री गर्ने अनुमतिपत्रवालालाई त्यस्तो वस्तु वा सेवा बिक्री गरेको परिमाणको हदसम्म यस ऐनबमोजिमको करछुट तथा सुविधा प्रदान नगर्ने व्यवस्था गरिएको छ ।

यसैबीच अमेरिकाले १० वर्षसम्म नेपाली गार्मेन्टलाई शून्य भन्सार गरे पनि सेजमा गार्मेन्ट उत्पादनलाई राखिएको प्राथमिकताले यसबाट फाइदा लिनसकेको छैन । अमेरिकी राष्ट्रपति बाराक ओबामाको कार्यकालमा सो सुविधा नेपाललाई प्रदान गरिएको हो । भू-कम्प र नाकाबन्दीले नेपालको आर्थिक क्षेत्र समस्या भएको कारण देखाउँदै ओबामा सरकारले गार्मेन्टका साथै दर्जन बढी सामग्रीलाई भन्सार छुट दिएको थियो ।

## यातायात...

माग गरेका हौँ', महासचिव गौतमले भने । यस्तै व्यवसायीले सवारीसाधनका लागि यसअघि लगाउँदै आएको २० वर्षे अवधि हटाएर सवारीको इञ्जिनको क्षमताका आधारमा सञ्चालन गर्न दिनसमेत माग गरेका छन् । हाल देशभर चार लाखभन्दा बढी सार्वजनिक सवारीसाधन सञ्चालन हुँदै आएको र उक्त सवारीसाधनमा प्रत्यक्ष ११ लाख र अप्रत्यक्षरूपमा करिब ४० लाख जनतालाई रोजगारी सिर्जना गरेको महासङ्घले जनाएको छ । व्यवसायीले मंगलबार नै नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई समेत उक्त माग राखेर ज्ञापनपत्र बुझाएका छन् ।

## एक....

अर्ब ९४ करोड तीन लाख ५९ हजार, १४ अर्ब ७१ करोड ११ लाख ८३ हजार, १४ अर्ब ४० करोड ५९ लाख चार हजार र १४ अर्ब २० करोड नौ लाख ७४ हजार रूपैयाँ चुक्ता पुँजी पुऱ्याएका छन् ।

आव २०७८/०७९ मा हिमालयन बैंक, प्रभु बैंक र सिद्धार्थ बैंकले भने क्रमशः १२ अर्ब ९६ करोड, ८७ लाख ५७ हजार र १२ अर्ब ७० करोड ८७ लाख चार हजार, १२ अर्ब ५२ करोड ४४ लाख २६ हजार रूपैयाँ चुक्ता पुँजी कायम गर्न सफल भएका छन् । यसैगरी एनआईसी एसिया बैंक, लक्ष्मी बैंक, सानिमा बैंक र एनसीसी बैंकले पनि पछिल्लो अवधिमा क्रमशः ११ अर्ब ५६ करोड ६४ लाख, ११ अर्ब ५५ करोड १३ लाख, ११ अर्ब ३२ कारेड ७३ लाख र ११ अर्ब १३ करोड ९६ लाख रूपैयाँ चुक्ता पुँजी कायम गरेका छन् । बैंक अफ काठमाण्डू, माछापुच्छ्रे, सनराइज र नेपाल एसबीआई बैंकले पनि पछिल्लो अवधिमा १० अर्ब ६२ करोड ३९ लाख, १० अर्ब २५ करोड ७१ लाख, १० अर्ब ११ करोड ८८ लाख र नौ अर्ब ८२ करोड ५८ लाख रूपैयाँ चुक्ता पुँजी कायम गरेका छन् ।

सेञ्चुरी कमर्सियल बैंक, एभरेष्ट बैंक र स्ट्यान्डर्ड चार्टर्ड बैंकले भने आव २०७८/०७९ मा क्रमशः नौ अर्ब ५५ करोड ३९ लाख, नौ अर्ब ४६ करोड ७३ लाख र नौ अर्ब ४२ करोड ९४ लाख रूपैयाँ कुल चुक्ता पुँजी कायम गरेका छन् ।

## सिटी...

व्यवसाय अनलाइन भुक्तानीमा नजाँदा धान्नै नसक्ने भएपछि अनलाइनमा जाँदा भन्दा हुण्डीमार्फत कारोबार गर्दा व्यवसाय फस्टाउने भएपछि टण्डन यसैमा लागेका हुन् ।

सिटी एक्सप्रेसमा कार्यकारी निर्देशकमा चन्द्र टण्डन देखिए पनि उनलाई सहयोग गर्ने पर्दा पछाडिका पात्र हुन डोलराज शर्मा । कुनै समयमा राजस्वका कर्मचारी रहेका शर्मा लुकाएर गमलामा गाडेर राखिएको सुनसहित अख्तियारले डामेका व्यक्ति समेत हुन् ।

सिटी एक्सप्रेसले नेपालसँगै दक्षिण कोरिया, यूएई, युके, कतार, मलेसिया, अष्ट्रेलिया, कुवेतलगायतका मुलुकमा आफ्नो कार्यालयहरू राखी विदेशबाट पठाएको रकम नेपालमा भुक्तानी गर्दै आइरहेको छ भने नेपालभित्रै पनि यसले आफ्नो एजेन्ट कार्यालयहरूमार्फत कारोबार गर्दै आइरहेको छ ।

सिटी एक्सप्रेसले गरेको हुण्डीको कारोबारको सम्बन्धमा बोल्न आर्थिक दैनिकले कार्यकारी निर्देशक चन्द्र टण्डनलाई फोन तथा म्यासेज गर्दा समेत उनले जवाफ दिएनन् ।

सिटी एक्सप्रेसले गर्ने गरेको हुण्डीको कारोबारमा राष्ट्र बैंक समेत जानकार रहे पनि यसमा राष्ट बैंकले चासो दिएको छैन् ।

## दुईवटा....

प्रणालीतर्फको मतपत्र यसअघि नै छपाइ भइ वितरण सुरू भइसकेको छ । हालसम्म बागमती प्रदेश, मधेश प्रदेश र प्रदेश नं. १ का सबै निर्वाचन क्षेत्रमा मतपत्र ढुवानी भइसकेको छ । बाँकी प्रदेशहरूमा यही कात्तिक ३ गतेदेखि मतपत्र ढुवानी सुरू पनि आयोगले जनाएको छ ।

## चुनावी...

यस्तै, पहिलो त्रैमासिकमा विकास खर्च १९ अर्ब ६८ करोड रूपैयाँ गरेको सरकारले गत आर्थिक वर्षमा दुई खर्ब १६ अर्ब रूपैयाँ पुँजीगत खर्च गरेको राष्ट्र बैंकले जनाएको छ । गत आर्थिक वर्षमा सरकारले तीनवटा शीर्षकमा गरी कुल १२ खर्ब ९६ अर्ब रूपैयाँ खर्च गरेको थियो । गत वर्ष १६ खर्ब ३२ अर्ब ८२ करोड ९२ लाख रूपैयाँ विनियोजन गरिएको थियो । गत आर्थिक वर्षमा सरकारको कुल खर्च ११ खर्ब ९६ अर्ब रूपैयाँ रहेको थियो ।

यस्तै, राष्ट्र बैंकले गरेको एक अध्ययनअनुसार नेपाल सरकारले एक रूपैयाँ पुँजीगत खर्च गर्दा त्यसको प्रतिफल अर्थतन्त्रमा कम्तीमा तीन रूपैयाँको उत्पादकत्व दिन्छ । सरकारले जति पुँजीगत खर्च गर्छ, त्यसको दोब्बर निजी क्षेत्रले लगानी गर्छ । यति हुँदाहुँदै पनि सरकारले आफ्नो खर्चमा वृद्धि गर्नसकेको छैन । खर्चमा वृद्धि गरेर मुलुकको पूर्वाधार विकासमा सरकारले महत्वपूर्ण भूमिका खेल्नुपर्ने जानकारहरू बताउँछन् ।

**झण्डै साढे एक खर्ब राजस्व संकलन**

यता राजस्व संकलन भने लक्ष्यअनुरूप भएको पाइन्छ । चालू आर्थिक वर्षको पहिलो त्रैमासिकमा राजस्व, गैरराजस्व र वैदेशिक सहायता गरी १६ प्रतिशत अर्थात् दुई खर्ब ३२ अर्ब १२ करोड रूपैयाँ संकलन भएको छ । जसमा राजस्व १५ प्रतिशत अर्थात् दुई खर्ब आठ अर्ब ५८ करोड रूपैयाँ, कर राजस्व १५ प्रतिशत अर्थात् एक खर्ब ८९ अर्ब ३८ करोड रूपैयाँ र गैरकर राजस्व १८ प्रतिशत अर्थात् १९ अर्ब २० करोड रूपैयाँ संकलन भएको छ । त्यस्तै पहिलो त्रैमासिकमा वैदेशिक सहायतातर्फ एक प्रतिशत अर्थात् ७९ करोड ३० लाख रूपैयाँ संकलन भएको छ । सरकारले चालू आर्थिक वर्षका लागि १४ खर्ब ५८ अर्ब ६० करोड रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको छ । जसमा कर राजस्वतर्फ १२ खर्ब ९५ अर्ब ३७ करोड रूपैयाँ, गैरकर राजस्वतर्फ एक खर्ब सात अर्ब ७७ करोड रूपैयाँ र वैदेशिक सहायतातर्फ ५५ अर्ब ४५ करोड रूपैयाँ संकलन गर्ने लक्ष्य लिएको छ ।